## श्री जिल्ला प्रहरी कार्यालय सप्तरी, राजविराजमा पेश गरेको

## जाहेरी दरखास्त

१. जाहेरी दरखास्त वा सूचना दिने व्यक्तिको नाम, घर र ठेगाना (टोल सहित) फोन नं. :- जिल्ला सप्तरी साबिक राजबिराज नगरपालिका वार्ड नं. ०७, परिवर्तित राजबिराज नगरपालिका वार्ड नं. ६ (स्वर्ण टोल) बस्ने विष्णु प्रसाद पोखरेलको नाती निर्वाण कुमार पोखरेलको छोरा वर्ष ५३ को मनोहर कुमार पोखरेल ........................................................................................................ १

२. कुन कानून वा मुद्दावारे दरखास्त वा सूचना गरेको हो :- यातना सम्बन्धि कसुर ।

३. कसूर गर्ने व्यक्तिको नाम, घर र ठेगाना (टोल सहित) :-

जिल्ला धनुषामा स्थायी घर भई जिल्ला प्रहरी कार्यालय सप्तरी, राजबिराजमा प्रहरी सहायक निरिक्षकको पदमा कार्यरत रहेका अ. वर्ष ४० को राजेश्वर महतो ........................................ १

४. कसूर गर्ने व्यक्तिको बाबु/आमाको नाम :- (१) निजको बाबु / आमाको नाम थाहा नभएको ।

५. कसूर गर्ने व्यक्तिको हुलिया र परिचय खुल्ने अन्य विवरण :- नेपाल प्रहरीको पोशाकमा रहनु भएको र एउटा तारा रहेको थियो ।

६. कसूर सम्बन्धी अन्य विवरण :-

क) कसूर भएको स्थान, ठाउँ, मिती र समय :- जिल्ला प्रहरी कार्यालय सप्तरी, राजबिराजको प्राङ्गण भित्रैमा, मिति २०८० साल श्रावण महिना १५ गतेका दिन अन्दाजी ३:१५ बजे तिर ।

ख) कसूरसँग सम्बन्धित घटनाको विवरण :- म जाहेरवाला "अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)" नामक गैर सरकारी संस्थाको सप्तरी जिल्ला प्रतिनिधिको रुपमा विगत १३ वर्षदेखि निरन्तर रुपमा कार्यरत रहेको छु । इन्सेकले मानव अधिकारको संरक्षण, सम्वर्द्धन समेतको कार्य गर्दै आएको छ । नेपालको राष्ट्रिय दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट दैनिक", स्थानीय स्तरको "सगरमाथा आवाज साप्ताहिक पत्रिका", "आजको वातावरण दैनिक" लगायतको पत्रिकामा

आबद्ध रहेको छु । यसका साथै "नेपाली सेनाको रक्षा सम्वाद दाता" समेत रहेको छु । यसरी म जाहेरवाला मानव अधिकार र पत्रकारिता समेतको काम–पेशामा आबद्ध रहेको र आफ्नो काम तथा पेशाको शिलशिलामा राज्य/सरकारका विभिन्न निकाय/अंगहरुमा आउने–जाने, समन्वय–सहकार्य गर्ने लगायतको जिम्मेवारी एवम् दायित्व निर्वाह गर्नु पर्ने हुन्छ ।

म जाहेरवाला आबद्ध रहेको संस्था/निकायको उद्देश्य प्राप्तिको लागि राज्यको विभिन्न निकाय/अंगहरुसँग समन्वय, सहकार्य गर्दै नागरिकको प्रतिनिधित्व समेत गर्ने जिम्मेवारी अनुसार जिल्ला प्रहरी कार्यालय, सप्तरी समेतमा जाने–आउने कार्य गर्दै आएको छु । सोही क्रममा जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. २ मा बस्ने निवेदक अकबर अली विपक्षी जिल्ला प्रहरी कार्यालय समेत भएको परमादेश मुद्दामा सम्मानित उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०८०।०२।२६ गते भएको अन्तिम आदेशानुसारको मिति २०८०।०४।७ गतेको पत्र जिल्ला प्रहरी कार्यालय सप्तरीमा दर्ता भएको थियो । सो पत्र अनुसार जिल्ला प्रहरी कार्यालय, सप्तरीले निवेदक अकबर अलीलाई नबोलाएकोले निजकै भनाइ अनुसार प्रमाण खण्डका साक्षी समेत भएर मिति २०८०।०४।१५ गते दिनको अ. २:४५ बजेतिर जिल्ला प्रहरी कार्यालय, सप्तरीमा गएका थियौँ । म जाहेरवाला तथा प्रमाण खण्डका व्यक्ति समेत भएर जिल्ला प्रहरी कार्यालय सप्तरीको मुद्दा फाँटमा गएको र उक्त पत्रका सम्बन्धमा सो फाँटका अधिकारीसँग छलफल गरेका थियौँ । तत्पश्चात सो फाँटबाट बाहिर निस्केर कार्यालयको प्राङ्गणमा आएको र प्राङ्गणमा सो मुद्दाको विषयमा छलफल गर्दाकै अवस्थामा विपक्षी राजेश्वर महतो अचानक म समेत भएको स्थानमा आई "यहाँ खाली गरिदिनुस्, बाहिर निस्कीनुस्, यो छलफल गर्ने ठाउँ होइन" भन्दै धम्काउन थाल्नु भयो । त्यसपछि म जाहेरवालाले निज विपक्षीलाई "हामी गइहाल्छौँ, किन धम्काउनु भएको हो" भनेर सम्झाउँदा विपक्षी रिसाउँदै कार्यालय भित्र जानु भयो । सोको अ. एक दुई मिनेटमा निज विपक्षी प्रकरण नं. ६ (क) मा आएर आफ्नो मुक्काले मेरो मुखमा प्रहार गर्नु भयो । निजको प्रहारबाट जोगिन म पछि सर्दै जाँदा निजले तीन चार पटक मुक्काले मेरो अनुहारमा प्रहार गर्नु भयो । त्यसपछि विपक्षीले आफ्नो खुट्टामा लगाउनु भएको बुट (जुत्ता) ले मेरो अण्डकोषमा दुई पटक प्रहार गर्नु भयो त्यसक्रममा निज विपक्षीले मलाई अपमानजनक शब्दहरुको प्रयोग समेत गर्नु भएको थियो यसरी विपक्षीले प्रहार गरेको देखेपछि तत्कालै प्रमाण खण्डका साक्षी समेतले विपक्षीबाट मला[illegible] बचाएको र तत्कालै सो कार्यालयको प्रमुख घटनास्थलमा आउनु भएको थियो । त्यसपछि [illegible] जाहेरवालाले निज कार्यालय प्रमुखलाई घटनाको सम्पूर्ण विवरण अवगत गराएपछि नि[illegible] कार्यालय प्रमुखज्यूले ती विपक्षी प्रहरीलाई तत्कालै कारबाही गर्ने कुरा गर्नु भयो ।

विपक्षीको प्रहारबाट मेरो अनुहार र अण्डकोषमा चोटपटक लागेको र पिडा भइरहेकोले सोही दिन "गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज" मा उपचारको लागि गएको हो । सो अस्पतालले मलाई भर्ना गरेर उपचार गरेको थियो । उपचार पश्चात मिति २०८०।०४।१६ गते डिस्चार्ज भएको र डाक्टरको सल्लाह अनुसार औषधि समेत सेवन गर्नु परेको थियो । जिल्ला प्रहरी कार्यालय, सप्तरीको मिति २०८०।०४।१७ गतेको च.नं. ३४६ को पत्रले निज विपक्षीलाई निलम्बन गरिएको व्यहोराबाट समेत विपक्षी राजेश्वर महातोले म जाहेरवालालाई यातना तथा अपमानजनक व्यवहार गरेको प्रष्ट छ ।

म जाहेरवालालाई राज्यको जिम्मेवार पदमा बसेको व्यक्तिले जिल्ला प्रहरी कार्यालय भित्रैमा अमानवीय तथा अपमानजनक रुपमा यातना दिएको विषयमा नेपाल पत्रकार महासंघ सप्तरी शाखा समेतले सरोकार राखेको कारणले मिति २०८०।०४।३० गते प्रमुख जिल्ला अधिकारी , जिल्ला प्रहरी प्रमुख समेतको उपस्थितिमा भएको बैठकबाट चार बुँदे निर्णय भएको थियो । सो निर्णयको बुँदा नं. ३ मा "नेपाल पत्रकार महासंघ सप्तरी शाखाको सदस्य मनोहर पोखरेलमाथि मिति २०८०।०४।१५ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीमा घटेको घटनाको सम्बन्धमा प्रतिवद्धता बमोजिम प्रचलित कानुन अनुसार कारबाही गरी नेपाल पत्रकार महासंघ सप्तरी शाखालाई जानकारी गराउँने" भन्ने रहेको छ । सो अनुसार मिति २०८०।०४।१५ गतेको घटनाको सम्बन्धमा सम्बन्धित अधिकारीलाई अवगत रहेको र निर्णय समेत भएको अवस्थामा विपक्षी उपर प्रचलित कानुन बमोजिम यातनाको कसुरमा पक्राउ गरी अनुसन्धान समेतको कार्य गर्नु पर्नेमा हालसम्म सो किसिमको कुनै कानूनी कारबाही भएको भन्ने जानकारी आएको छैन । मुलुकी अपराध संहिता २०७४ को अनुसुची १० को दफा १६७ र १६८ ले सबै किसिमको यातनालाई अपराध कायम गरेको र सो अपराधमा संलग्न व्यक्तिलाई फौजदारी कार्यवाहीको दायरामा ल्याएर कार्यवाही गर्न अनुसुची १ मा समेत राखेको छ ।

म जाहेरवाला आफनो पेशागत जिम्मेवारीको कममा प्रायः जिल्ला प्रहरी कार्यालयमा जाने गरेको छु । विपक्षी जिल्ला प्रहरी कार्यालयको नागरिक सहायता कक्षमा कार्यरत रहनु भएको कारणले निजलाई राम्ररी चिनेको र विपक्षीले पनि मलाई चिनेको हुनुपर्छ । म जाहेरवाला कुनै पनि अपराधमा संलग्न समेत नरहेको अवस्थामा विपक्षीले मलाई कुनै किसिमको अमानवीय तथा अपमानजनक व्यवहार गर्ने, पकाउ गर्ने कारण नै रहेको थिएन । यसरी म जाहेरवालालाई भौतिक रुपमा नै आकमण गर्नु पर्ने समेतको कुनै कारण नहुँदाको अवस्थामा विपक्षीले वदनियतपूर्वक यातना दिनु आफैमा गम्भिर प्रकृतिको अपराध रहेको प्रष्ट छ । समाजमा शान्ति सुरक्षा तथा कानूनको कार्यान्वयन गराउने जिम्मेवारी पाएको नेपाल प्रहरी जस्तो गरिमामय

संस्थामा कार्यरत विपक्षी प्रहरीले सुनियोजित तवरले म जाहेरवालालाई अपशब्द प्रयोग गरी अपमानजन्य व्यवहार गर्ने र यातना दिने कार्य मुलुकी अपराध संहिता २०७४ को दफा १६७ विपरितको गम्भिर अपराधिक कार्य रहेको छ । विपक्षीवाट म जाहेरवालाको ईज्जत प्रतिष्ठा तथा आत्म सम्मान समेतमा गम्भिर आघात पुऱ्याउने गरी भएको यातना सम्वन्धी अपराध गर्ने विपक्षीलाई कानून बमोजिम हदै सम्मको कानूनी कारवाही गरि पाउनको लागी यो लिखित जाहेरी दरखास्त लिई उपस्थित भएको छु ।

अतः म जाहेरवाला विपक्षी कार्यरत रहनु भएकै प्रहरी कार्यालयमा रहेको अवस्थामा वदनियतपूर्वक भौतिक रुपमा नै नै आघात पुरयाउने गरी यातना दिएको र सो कार्य नेपाल पक्ष राष्ट भएको यातना विरुधको महासन्धी तथा प्रचलित कानून विपरित समेत रहेको प्रष्ट भएको हुदा यातना दिने विपक्षीलाई यथाशिघ्र पक्राउ गरी मुलुकी अपराध संहिताको दफा १६७ बमोजिम र अन्य प्रचलित कानून बमोजिम हदैसम्मको कारवाही गरिपाउँ । यसका साथै ऐ. १६९ बमोजिम क्षतिपुर्ति समेत दिलाई भराई पाउँ ।

ग) कसूरको प्रकृति र कसूरसँग सम्बन्धित अन्य विवरण :-

निम्न कागज प्रमाणहरुको प्रतिलिपी यसै साथ संलग्न रहेको छ ।

(१) विपक्षीको यातनाको कारणले म जाहेरवालाले तत्कालै "गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज" मा उपचार गराउनु परेको थियो । सो उपचार सम्वन्धि सम्पूर्ण विवरण उक्त अस्पतालवाट झिकी बुझी प्रमाण लगाई पाँउ । साथै म जाहेरवालाको चोट पटक समेतको अस्पताल वाट घाँ जाँच गराई पाँउ ।

२) गजेन्द्र नारायण सिंह अस्पताल, राजविराजको मिति २०८०।०४।१६ गतेको डिस्चार्ज पत्रको प्रतिलिपि थान ........................................................................................१

३) प्रमुख जिल्ला अधिकारी समेतको उपस्थितीमा मिति २०८०।४।३० गते भएको निर्णय थान ...१

४) सामुदायिक प्रहरी सेवा केन्द्र, सप्तरीको मिति २०८०।०४।१६ गते भएको निर्णय थान ........१

५) राष्ट्रिय मानव अधिकार आयोगको मिति २०८०।०४।३० गते जारी भएको विज्ञप्ति थान .....१

६) नेपाल पत्रकार महासंघको विज्ञप्ति थान..........................................................................३

७) सप्तरी जिल्ला वार इकाई, राजविराज र राजविराज उच्च अदालत वार एशोसिएशन, सप्तरीको मिति २०८०।०४।१६ गते जारी प्रेस विज्ञप्ति थान..............................................१

८) मधेश प्रदेश सरकार गृह सञ्चार तथा कानुन मन्त्रालय आमसञ्चार प्राधिकरण जनकपुरधाम को मिति २०८०।०४।२५ गते जारी भएको विज्ञप्ति थान ................................................१

९) जिल्ला प्रहरी कार्यालय, सप्तरीको मिति २०८०।०४।१७ गतेको पत्र थान.........................१

(१०) प्रचलित कानून बमोजिम गर्नु पर्ने मुचुल्का समेत गरी पाउँ ।

घ) कसूरसँग सम्बन्धित सबुद प्रमाण :-

निम्न लिखित मानिसहरु समेत बुझी साक्षी सरजमिन गरि प्रमाणमा लगाई पाउँ ।

(क) जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. ४ मा वस्ने अ. बर्ष ४७ को जाकिर हुसेन ..........................................................................................१

(ख) जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. १० मा वस्ने अ. बर्ष ४८ को केशर लाल खड्ग ..........................................................................................१

(ग) जिल्ला सप्तरी राजविराज नगरपालिका वार्ड नं. २ मा वस्ने अ. बर्ष ५५ को अकबर अली ..........................................................................................१

(घ) जिल्ला सप्तरी तिलाठी कोईलाठी गाउँपालिका वार्ड नं. ८ मा स्थायी घर भई हाल राजविराज नगरपालिका वार्ड नं. ५ वस्ने बर्ष ४४ को अवधेश कुमार झा .............१

८. यो दरखास्तको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला । प्रहरीद्वारा केश तहकिकात हुँदा वा अदालतमा मुद्दा चल्दाको वखत उपस्थित हुने जनाउ पाएमा सो बमोजिम उपस्थित हुनेछु ।

दरखास्त दिनेको सही :-
मनोहर कुमार पोखरेल
मोवाईल नं. ९८५२८२१०२१

ईति सम्वत् २०८० साल असोज महिनाको १ गते रोज २ मा शुभम् ................................।